**बैठक नं. ५८**

आज मिति २०७७/०२/०२ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो १:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल [illegible] | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

प्रेमबहादुर गाहा का.वा. वडा सं. २

**प्रस्ताव नं.५८.१**

क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं.५८.१**

कोरोना भाइरस (COVID-19) संक्रमण फैलिनबाट रोक्न पालिकास्तरमा स्थापना गरिने क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन निम्नानुसारको मापदण्ड बमोजिम गर्ने निर्णय गरियो ।

**१. क्वारेन्टाइन देहायको मापदण्ड बमोजिमको हुनु पर्नेछ :-**

क) सञ्चार, स्वास्थ्य, सडक, पानी, विजुलीको पूर्ण व्यवस्था भएको,
ख) सम्भव भएसम्म सय जनाभन्दा बढी व्यक्तिलाई राख्न सक्ने क्षमता भएको,
ग) तयारी भौतिक पूर्वाधारलाई प्राथमिकता दिने,
घ) सम्भव भएसम्म घना बस्तीबाट छुट्टै रहेको ।

**२. क्वारेन्टाइनको भौतिक पूर्वाधार :-**

क्वारेन्टाइनस्थलमा देहाय बमोजिमको भौतिक पूर्वाधार हुनु पर्नेछ ।

क) क्वारेन्टाइनमा खटिने स्वास्थ्य र सफाई टिमको लागि छुट्टै कोठा रहेको,
ख) बन्दोबस्ती कार्यमा खटिएका व्यक्ति तथा सुरक्षा टोलीलाई बसोबासको लागि सम्भव भएसम्म छुट्टै भवन नभए छुट्टै कोठा उपलब्ध भएको,
ग) सम्भव भएसम्म संस्थाले NET उपलब्ध गराउने,
घ) विद्युत, पानी लगायतका आधारभूत सेवाको उपलब्धता,
ङ) सम्भावित विपद् तथा आगलागीबाट सुरक्षित,
च) ओढ्ने, ओछ्याउने र मच्छर लिक्युडको व्यवस्था गर्ने,
छ) बेडहरू तीन फिटको दुरीमा हुनु पर्ने,
ज) सम्भव भएसम्म हावा चल्ने कोठा हुनु पर्ने,
झ) आन्तरिक सरसफाई क्वारेन्टाइनमा रहने व्यक्तिहरू स्वयंले गर्ने र बाह्य सरसफाई संस्थाको सहयोगीबाट गराउने,
ञ) हात धुने सावुन उपलब्ध गराउने,
ट) उपलब्ध भएसम्म सकारात्मक सोंचसम्बन्धी परामर्श सेवा र योग आदि क्रियाकलाप सञ्चालन गर्ने ।

**३. स्वास्थ्यकर्मी व्यवस्थापन :-**

क्वारेन्टाइन स्थलमा स्वास्थ्य सामाग्री सहितका आवश्यकता र उपलब्धता हेरी चारजना सम्म स्वास्थ्यकर्मी व्यवस्था गर्ने ।

**४. फोहोर व्यवस्थापन :-**

संस्था मै डिस्पोज गर्ने । खाल्डो खनेर सम्बन्धित व्यक्ति आफैले लगेर फाल्ने र खाना खाएको भाडा आफै सफा गर्ने ।

**५. बासस्थान तथा बन्दोबस्तीको व्यवस्थापन :-**

क) स्वस्थ खाना, शुद्ध पानीको व्यवस्था गर्ने र मौसम अनुसार दाल, तरकारी सम्भव भएसम्म फेर्ने,

ख) बालबालिका, जेष्ठ नागरिक, गर्भवती तथा दीर्घ रोगीहरूलाई आवश्यकता अनुसारको खानाको व्यवस्था गर्ने ।

**६. सुरक्षा व्यवस्था :-**

क्वारेन्टाइनस्थलको आवश्यक सुरक्षा व्यवस्था सुरक्षा निकायले देहाय बमाजिम मिलाउने,

क) क्वारेन्टाइनस्थलको २४ सै घण्टा सुरक्षा व्यवस्था गरिनेछ,

ख) क्वारेन्टाइनमा लैजानु पर्ने व्यक्तिहरूको यातायातको लागि छुट्टै टोली र सवारी साधनको व्यवस्था गर्ने,

ग) सुरक्षाकर्मीको खानपिन र बसाइको व्यवस्था सकभर क्वारेन्टाइनस्थल मै हुनु पर्ने,

**७. व्यवस्थापन समिति :-**

| | |
|---|---|
| विद्यालय रहेको वडाको वडा अध्यक्ष | संयोजक, |
| सम्बन्धित क्वारेन्टाइन रहेको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | सदस्य |
| सम्बन्धित विद्यालयको प्रधानाध्यापक | सदस्य |
| सम्बन्धित टोल विकास सस्थाको अध्यक्ष | सदस्य |
| क्वारेन्टाइनमा खटिएको स्वास्थ्यकर्मी मध्य संयोजन गर्ने स्वास्थ्यकर्मी | सदस्य |
| बुटवल उपमहानगरपालिकाले खटाएको अधिकृत | सदस्य सचिव |

**८. सफाई तथा फोहोरमैला व्यवस्थापन :-**

सरसफाई तथा फोहोरमैला व्यवस्थापनका निमित्त देहायका कार्यहरू गर्नुपर्नेछ ।

क) नुहाउने तथा कपडा धुनको लागि पानी,

ख) भवन तथा क्वारेन्टाइन क्षेत्रको उचित सरसफाईको व्यवस्था गर्ने,

ग) क्वारेन्टाइन खाली भएपश्चात ७२ घण्टासम्म प्रयोगमा नल्याउने र Disinfection पश्चात मात्र प्रयोग गर्ने ।

**९. आर्थिक व्यवस्थापन :-**

क्वारेन्टाइनस्थलको सन्चालन तथा व्यवस्थापनको निमित्त आवश्यक पर्ने रकम नगरको प्रकोप व्यवस्थापन कोषबाट कार्यालयले खर्च गरी सोधभर्नाका लीग जिल्ला समन्वय समिति मार्फत संघीय सरकार समक्ष पठाउने।

**१०. क्वारेन्टाइनमा रहने व्यक्तिहरूले पालना गर्नुपर्ने आचारसंहिता देहाय बमोजिम हुनेछ :-**

क) सबैले सम्मानजनक र नम्र व्यवहार गर्ने, सहयोगी बन्ने,

ख) जाती, धर्म, वर्ण, लिङ्ग, भाषा-भेषभुसा, भेग वा अन्य कुनैपनि आधारमा भेदभाव नगर्ने,

ग) सुर्तिजन्य, नशालु तथा मादक पदार्थ सेवन नगर्ने,

घ) रिसाउने, झैझगडा गर्ने र घाउचोट पुऱ्याउने कार्य नगर्ने,

ङ) सभ्य र शोभनीय पोशाक मात्र लगाउने,

च) कुनै पनि नकारात्मक गतिविधि, लोभलालच, होहल्ला, अत्याउने कार्य, अनावश्यक टिकाटिप्पणी नगर्ने,

छ) तोकिएको स्थानमा मात्र रहने,

ज) अरूलाई बाधा हुने वा हिनताबोध गराउने कार्य नगर्ने, नगराउने,

झ) आत्मियताको विकास गर्दै शान्त र सौहार्दपूर्ण वातावरण सिर्जना गर्न सहयोग गर्ने,

ञ) कुनै पनि वाह्य व्यक्ति क्वारेन्टाइन क्षेत्रभित्र वा नजिक देखिएमा जानकारी गराउने तथा कुनै किसिमको पशुपंछी नजिक देखिएमा सो को जानकारी गराउने,

ट) क्वारेन्टाइनमा रहेका व्यक्तिहरू भाग्ने वा भाग्न कोशिस गरेको देखेमा वा शंका लागेमा तुरून्त खवर गर्ने,

ठ) प्राप्त सुविधाहरू आपसी समझदारीका आधारमा उपभोग गर्ने,

ड) उपलब्ध सरसामानहरूको हिफाजत र समुचित प्रयोग गर्ने ।

**११. गर्न हुने/नहुने कार्यहरू :-**

क्वारेन्टाइनमा बस्नेले देहाय बमोजिम गर्नु पर्नेछ ।

क) खोक्दा, हाछ्यु गर्दा नाक र मुख अनिवार्य रूपमा छोप्ने र छोप्न लगाउने ,

ख) Flu-Like symptoms रूघा खोकीको लक्षण देखिएमा चिकित्सकको परामर्श लिई हाल्ने,

ग) रूघाखोकी लागेका व्यक्तिहरूबाट टाढा बस्ने र उनीहरूलाई सकेसम्म छुट्टै बासस्थानको समेत व्यवस्था मिलाउने,

घ) क्वारेन्टाइनबाट घर फर्केपछि व्यक्तिहरूलाई जंगली वा घरपालुवा पशुपंछीबाट टाढा राख्ने/बस्न लगाउने,

ङ) राम्रोसँग पाकेको एकिन गरी मात्र खाने, खुवाउने व्यवस्था मिलाउने,

च) कुनैपनि किसिमको पंछीहरूलाई नजिक सम्पर्कमा आउन नदिने,

छ) उपलब्ध गराएको खानेकुरा मात्र खाने ।

१२. पालिकास्तरीय CMC को सदस्य सचिवले सिफारिस गरेको व्यक्तिहरू मात्र क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने ।

१३. खानाको समय तालिका देहाय बमोजिम हुँनेछ ।

| क्र.सं. | समय | खाना |
|---|---|---|
| १ | ०७:३०-८:०० | चिया खाजा |
| २ | ११:३०-१२:०० | दिवा खाना |
| ३ | १४:३०-१५:०० | खाजा |
| ४ | १९:३०-२०:०० | रात्री खाना |

खानाको व्यवस्था गर्दा स्थानीय उपलब्धतालाई मध्यनजर गरी स्वास्थ्यकर खानाको प्रबन्ध

**प्रस्ताव नं.५८.२**

लकडाउनलाई व्यवस्थित गर्ने सम्बन्धमा ।

**निर्णय नं.५८.२**

लकडाउनलाई व्यवस्थित गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१. अनावश्यक रुपले घरवाहिर निस्कने र विहानी र रात्री हिडाईलाई निरुत्साहित गर्न र असुरक्षित रुपले सामान खरिद विक्री कार्यलाई व्यवस्थित, सुरक्षित तथा सामाजिक दुरी पालन गर्न गराउन आवश्यकता अनुरुप सम्बन्धित वडा अध्यक्षहरुले समन्वय गरी स्वयं सेवक परिचालन गर्ने गराउने ।

२. नेपाल सरकार तथा प्रदेश सरकारले निर्णय गरी लकडाउन अवधिमा संचालन गर्ने भनी तोकिएका खाद्यान्न, कृषि उपज उत्पादन कार्य, विक्री वितरण, उल्लेखित सामाग्रीहरुको ढुवानी र विकास निर्माणसँग सम्बन्धित देहाय बमोजिमका क्रियाकलापहरु सुरक्षाका सबै मापदण्ड र सामाजिक दुरी कायम गरी देहाय बमोजिम संचालन गर्ने गरी व्यवस्था मिलाउने ।

   १. खाद्यान्न, तरकारी तथा फलफुल पसल : हप्तामा ३ दिन, विहान ९ बजे देखि २ बजेसम्म आइतवार, मंगलवार र विहीवार खुल्ला गर्न सकिने ।

   २. स्थानीय स्तरमा उत्पादन भएको हरियो ताजा तरकारी र फलफुल स्थानीय पालिका मार्फत स्थानीय उत्पादन भनी सिफारिस गरेको आधारमा र बुटवल उपमहनगरभित्रको भए सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको आधारमा घरघरमा डुलाई विहान ७ बजेदेखि १० बजेसम्म विक्री वितरण गर्न सकिने ।

   ३. कृषि कार्यसँग सम्बन्धित कार्यका लागि आवश्यक मल,विउ,औषधी पसल आइतवार, मंगलवार र विहीवार विहान ९:०० बजेदेखि २:०० बजेसम्म खुल्ला गर्न सकिने ।

   ४. दुध तथा डेरी उत्पादन प्रत्येक विहान ७ बजेदेखि १० बजेसम्म र वेलुकी ५ बजेदेखि ७ बजेसम्म, दुध विक्रेताले उत्पादन, संकलन गरेको स्थल खुलेको सम्बन्धित पालिका वा वडावाट भएको सिफारिस साथमा लिनुपर्नेछ ।

   ५. विकास निर्माण सँग सम्बन्धित माल सामान विक्री गर्ने हार्डवेयर पसल हप्तामा ३ दिन आइतवार, मंगलवार, विहीवार विहान ९ बजेदेखि २ बजेसम्म खुल्ला गर्न सकिने ।

   ६. सञ्चालन एवं कार्यान्वयन गर्न स्वीकृत पूर्वाधार विकासका कार्यहरु सुरक्षा र सामाजिक दुरीको सुनिश्चितता कायम गरी कामको प्रकृति हेरी समय मिलाएर सबै दिन गर्ने तर कामदार श्रमिकहरुको परिचय खुलेको हुनुपर्नेछ ।

   ७. कृषि औजार उपकरण तथा साधन र ढुवानी साधनको मर्मत सम्भार ५ जनाभन्दा बढी मिस्त्री नरहने गरी प्रत्येक दिन विहान ९ बजेदेखि ५ बजेसम्म संचालन गर्न सकिनेछ ।

   ८. नदीजन्य पदार्थको ढुवानीका लागि प्रत्येक दिन विहान ९ बजेदेखि वेलुका ६ बजेसम्म संचालन गर्न सकिनेछ ।

९. वैक,वित्तीय संस्था र सहकारीहरु प्रत्येक आइतवार, मंगलवार र विहीवार विहान १० बजेदेखि १ बजेसम्म मात्र खुल्ला गर्न सकिनेछ ।

१०. यस निर्णयमा उल्लेख भए भन्दा अन्य गतिविधि नेपाल सरकारको निर्णय बमोजिम हुनेछ ।

११. लकडाउनको पालना र सामाजिक दुरी कायम गरी आफु, आफ्नो परिवार र समाजलाई सुरक्षित गर्न सबै नगरवासीहरुमा हार्दिक अनुरोध गर्ने ।

**प्रस्ताव नं. ५८.३**

कृषि उत्पादन सम्बन्धमा ।

**निर्णय नं.५८.३**

हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid 19) को रोकथाम एवं नियन्त्रणका लागि मिति २०७६।१२।११ गते देखि हाल सम्म देश लकडाउनको अवस्थामा रहेको छ । लकडाउनको निरन्तरता कहिलेसम्म हुने हो निश्चित छैन । यो परिस्थितिमा पेशा व्यवसायहरु ठप्प प्राय भएका छन् । यस्तो विषम परिस्थितिमा कृषि तथा पशुपंक्षी व्यवसायलाई प्रोत्साहित गरी कृषिको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्दै कृषि र सहकारीको माध्यमबाट रोजगारीको अवसर सृजना गर्न सकेमा नगरवासीहरुमा केही राहत पुग्न जाने हुँदा सो सम्बन्धमा यथार्थ अध्ययन गरी आगामी आ.व.०७७।०७८ को नीति तथा कार्यक्रममा पेश गर्नका निम्ती मिति २०७७।०२।१५ गतेभित्रमा नीति तथा कार्यक्रम सहितको प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री रामप्रसाद रेग्मी | -वडाध्यक्ष वडा नं.१६ | -संयोजक |
| श्री दधिराम न्यौपाने | -वडाध्यक्ष वडा नं.१४ | -सदस्य |
| श्री भुवा प्रसाद लुइटेल | -वरिष्ठ अधिकृत | -सदस्य |
| श्री झविन्द्र बन्जाडे | -शाखा प्रमुख, पशुपंछी विकास शाखा | -सदस्य |
| श्री सन्तोष जि.सी. | -शाखा प्रमुख, कृषि विकास शाखा | -सदस्य-सचिव |

**प्रस्ताव नं. ५८.४**

शहरी पूर्वाधार योजना संचालन सम्बन्धमा ।

**निर्णय नं.५८.४**

नगर भित्र उपमहानगरपालिकाबाट संचालित विकास आयोजना संचालन सम्वन्धमा मिति २०७७।१।२६ गतेको Covid 19 Crisis Management Centre को निर्णयमा सामान्य परिमार्जन गरी देहाय बमोजिमको प्रक्रिया अपनाइ कार्यन्वयन गर्ने निर्णय गरियो ।

१.आयोजना संचालन हुने ठाँउ पर्ने टोल / टोलहरुले योजना संचालन गर्न आवश्यक भएको र सुरक्षा मापदण्ड पालना गर्न गराउन जिम्मेवारी लिने गरी टोल विकास संस्थाबाट वडामा सिफारिस गर्ने व्यवस्था मिलाउने ।

१.आयोजना संचालन हुने ठाँउ पर्ने टोल / टोलहरुले योजना संचालन गर्न आवश्यक भएको र सुरक्षा मापदण्ड पालना गर्न गराउन जिम्मेवारी लिने गरी टोल विकास संस्थाबाट वडामा सिफारिस गर्ने व्यवस्था मिलाउने ।

१. वडा स्तरीय योजनाको हकमा टोलको सिफारिसको आधारमा वडा समितिले संचालन अनुमति दिने, र नगरस्तरीय योजनाको हकमा सुरक्षा मापदण्ड र सामाजिक दुरी कायम गराउने पर्तिबद्दता सहित योजना संचालन गर्न वडा समितिले नगरमा सिफारिस गर्ने ।

२. उल्लेखित बमोजिम सिफारिश भएको आधारमा देहाय बमोजिमका शर्तहरुको पालना गर्ने व्यवस्था योजना संचालन गर्ने निर्माण व्यवसायी वा उपभोक्ता समितिले मिलाउने गरी सम्बन्धित उपभोक्ता समिति वा निर्माण ब्यबसायीले प्रतिबद्दता गरेपछि योजना संचालन गर्न स्वीकृति दिन सकिने ।

(क) एक स्थानमा एक पटकमा बढीमा १० जना भन्दा बढी श्रमिक जम्मा नहुने ।

(ख) काममा खटिने श्रमिकको नाम, ठेगाना सहितको विवरण सम्वन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीले सम्बन्धित स्वास्थ्य संस्थालाई उपलब्ध गराउनु पर्ने । प्राप्त विवरण को आधारमा प्रतेक श्रमिकको दैनिक रुपमा स्वास्थ्यकर्मीले स्वास्थ्य परीक्षण गरी अभिलेख राख्ने ।

(ग) रोजगारीमा लगाउनेले सवै श्रमिकलाई एकै स्थानमा बस्ने व्यवस्था मिलाउने र कार्यस्थलमै खाना / खाजा को व्यवस्था मिलाउने ।

(घ) श्रमिकको स्थानीय व्यक्ति संग सम्पर्क नहुने गरी सुरक्षित र अलग रुपमा आवासको व्यवस्था रोजगार दाताले नै मिलाउने ।

(ङ) आवास स्थल देखि कार्यस्थल सम्म श्रमिकको आवत जावत स्वास्थ्य मापदण्डको पालना गरी सम्वन्धित रोजगार दाताले मिलाउने ।

(च) हरेक श्रमिकले मास्क र पन्जा लगाएर काम गर्नुपर्ने व्यवस्थापन रोजगार दाताले मिलाउने ।

(छ) स्थानीय बजारमा उपलब्ध भए सम्म स्थानीय श्रमिकलाई काममा लगाउने । १० किलोमिटर क्षेत्र भित्र बाट आउने श्रमिकको सुरक्षित तवरले आउने जाने ब्यबस्था मिलाई काममा लगाउन सक्ने । वडाभित्र संचालन हुने योजनाको लागि आवस्यक पर्ने निर्माण सामग्री रुपन्देही जिल्ला भित्र बाट ढुवानीको लागि सम्बन्धित वडाले नै सम्बन्धित निकायमा शिफारिस गर्ने ।

(ज) उल्लेखित कुराको अलावा संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाले जुनसुकै बखत दिएको निर्देशन सम्वन्धित निर्माण व्यवसायी वा उपभोक्ता समितिले पालना गर्नुपर्ने छ ।

(झ) निर्माणस्थलमा स्वास्थ्य प्रोटोकल पालना गर्ने सम्बन्धमा वडा अध्यक्षको समन्वयमा अनुगमन गर्ने ।

३. निर्माणको काममा अत्यावश्यक हुने संख्यामा सवारी साधनको पास उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयले सम्वन्धित निकायमा सिफारिस गरिदिने । त्यसको लागि सम्वन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीले आवश्यक सबै विवरण खुलाई नगरपालिकामा निवेदन दिनुपर्ने छ ।

४. उल्लेखित कार्यहरु हुने प्रत्येक स्थलमा प्राविधिक खटिई प्राविधिक गुणस्तर कायम गर्नुको साथै सुरक्षा मापदण्डको समेत अनुगमन गर्ने गरी योजना संचालनको सहमति दिदा नै खटिने प्राविधिकको नाम सम्बन्धित महाशाखाले किटानी गर्ने ।

५. आ.व.२०७६।०७७ मा स्वीकृत भई सम्झौता हुन वाकी रहेका उपभोक्ता तथा ठेक्काबाट संचालन हुने सम्भव भएसम्मका योजना सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

**प्रस्ताव नं.५८.५**

विविध ।

**प्रस्ताव नं. ५८.५.1**

भेरिएसन आदेश सहित म्याद थप सम्बन्धमा ।

**निर्णय नं.५८.५.1**

(क) आ.व २०७५।०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत बुटवल उप-महानगरपालिका वडा नं. ९ र ११ स्थित कालिकापथमा नमूना सडक नाली तथा कल्भर्ट निर्माण कार्यका लागि **श्री हेवन कन्सट्रक्सन प्रा.लि. शान्तिनगर -१३ काठमाडौंसंग** मिति २०७६।०५।२५ मा उक्त कार्य मिति २०७६।११।३० गते भित्र सम्पन्न गर्ने गरी संझौता भएको । मिति २०७६।११।०४ गते श्री हेवन कन्सट्रक्सन प्रा.लि. शान्तिनगर -१३ काठमाडौंले निर्माण कार्य भइ रहेकोमा कार्य स्थलमा विद्युत पोल र टेलिफोनको कारणले समयमै कार्य सम्पन्न गर्न नसकिने ब्यहोरा जनाई सो योजनाको २०७७ जेष्ठ मसान्तसम्म म्याद थप गर्नका लागि अनुरोध भई आएको थियो । उत्तर दक्षिणको निकास समेत भएको सो सडकको क्षेत्राधिकारलाई तत्काल क्लियर नगर्दा पछिसम्म सामाजिक हिसावले चुनौतीपूर्ण हुने भएकोले निर्माण कार्य सम्पन्न गर्ने सिलसिलामा ढक्कन भन्दा थप नाली बनाई पानीको निकास दिन स्थानीय नागरिकको माग जनप्रतिनिधिहरुबाट प्राप्त सुझाव र प्राविधिक दृष्टिकोणबाट समेत नालीको कार्य पूरा गर्न जरुरी एंव आवश्यक देखिएकोले नाली माथिको स्लाव हटाई नालीको दुरी बृद्धि गर्दा निर्माण कार्यमा Variation भई केही आइटममा थप कार्य समेत गर्नुपर्दा निर्माण कार्यको ड्रइङ्ग,डिजाइन तथा स्पेसिफिकेशन बदली ढक्कन बाहेकको नाली मात्रको ड्रइड डिजाइन बन्ने तथा निर्माण कार्यको आधारभुत प्रकृति परिवर्तन नहुने भएको हुनाले Variation Report बमोजिम संझौता अंकको ७.४३ प्रतिशत अर्थात रु.५४०,३८७५३ रकम चालु आ.व. २०७६।०७७ मा **सोही कालिकापथ नमूना सडक तथा नाली निर्माणमा सन्चालित ठेक्का नं. १०/०७६/०७७ को ठेक्काबाट वचत हुने रकमबाट व्यहोर्ने गरी** उक्त निर्माण कार्य सम्पन्न गर्नका लागि Variation Order स्वीकृत गर्ने । साथै यो अवधिमा लकडाउन समेत भएकोले निर्माण व्यवसायीको माग बमोजिम हाल २०७७ जेष्ठ मसान्तसम्म म्याद थप गर्ने गरी प्रमुखवाट भएको निर्णयलाई अनुमोदन गरियो ।

(ख) आ.व २०७५।०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत बुटवल उप-महानगरपालिका वडा नं. ९ र ११ स्थित कालिकापथमा नमूना सडक नाली तथा कल्भर्ट निर्माण कार्यका लागि **श्री बाबुल निर्माण सेवा सि.न.पा.** संग मिति २०७६।०२।१३ मा उक्त कार्य मिति २०७७।०१।३१ गते भित्र सम्पन्न गर्ने गरी संझौता भएको । मिति २०७७।०१।०२ गते श्री बाबुल निर्माण सेवा सि.न.पा.ले निर्माण कार्य भइ रहेकोमा कोरोना भाइरसको संक्रमण रोकथाम एंव नियन्त्रणको लागि नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि देश लकडाउन गरेका कारणले समयमै कार्य सम्पन्न गर्न नसकिने ब्यहोरा जनाई सो योजनाको २०७७ असार २५ गतेसम्म म्याद थप गर्नका लागि अनुरोध भई आएको । उत्तर दक्षिणको निकास समेत भएको सो सडकको क्षेत्राधिकारलाई तत्काल क्लियर नगर्दा पछिसम्म सामाजिक हिसावले चुनौतीपूर्ण हुने भएकोले निर्माण कार्य सम्पन्न गर्ने सिलसिलामा ढक्कन भन्दा नाली बनाई पानीको निकास दिन स्थानीय नागरिकको माग, जनप्रतिनिधिहरुबाट प्राप्त सुझाव र प्राविधिक दृष्टिकोणबाट समेत नालीको कार्य पूरा गर्न जरुरी एंव आवश्यक देखिएकोले नाली माथिको स्लाव हटाई नालीको दुरी बृद्धि गर्दा निर्माण कार्यमा Variation भई केही आइटममा थप कार्य समेत गर्दा निर्माण कार्यको ड्रइङ्ग,डिजाइन तथा स्पेसिफिकेशन बदली ढक्कन बाहेक नाली मात्रको ड्रइड डिजाइन बन्ने तथा निर्माण कार्यको आधारभुत प्रकृति परिवर्तन नहुने भएको हुनाले यस नगरकार्यपालिकाको बैठकमा अनुमोदनका लागि पेश गर्ने गरी Variation Report बमोजिम संझौता अंकको १७.३० प्रतिशत अर्थात रु. ३९,५९,१०७।०४ रकम चालु आ.व. २०७६।०७७ मा **सोही कालिकापथ नमूना सडक तथा नाली निर्माणमा सञ्चालित ठेक्का नं. १०/०७६/०७७ को ठेक्काबाट वचत हुने वा अन्य पुजीगत शीर्षकमा वचतहुने रकमबाट व्यहोर्ने गरी** उक्त निर्माण कार्य सम्पन्न गर्नका लागि Variation Order समेत स्वीकृत गरी निर्माण व्यवसायीको माग बमोजिम २०७७ असार २५ गतेसम्म म्याद थप गर्ने गरी प्रमुख स्तरीय निर्णयबाट भएको निर्णयलाई अनुमोदन गरियो ।

**प्रस्ताव नं. ५८.५.२**

पूर्वाधार विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.५८.५.२**

बुटवल उप-महानगरपालिकाको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत वडा नं.१ देखि १९ सम्मका लागि सिचाई बोरहरु मर्मत तथा स्यालो ट्युवेल जडान कार्यका लागि विनियोजित वजेट रु.२२,००,०००।- र छैठौं नगरसभाबाट ठूला सिचाई कुलोहरुको फिनिसिङ्ग कार्यका लागि विनियोजित वजेट रु.४५,००,०००।- समेत जम्मा रु. ६७,००,०००।- मध्ये रु. १५ लाख लागत अनुमान भन्दा बढीका ठूला सिचाई पम्पहरुको मर्मत तथा जडान सम्बन्धी सम्झौता लगायतका योजना कार्यान्वयन सम्बन्धी कार्यहरु सम्बन्धित वडा कार्यालयबाट गर्ने भनी मिति २०७६।११।२९ मा पूर्वाधार विकास समितिबाट भएको निर्णय समर्थन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५८.५.३**

सडक मार्किङ्ग गर्ने सम्बन्धमा ।

**निर्णय नं.५८.५.३**

हाल प्रदेश नं. ५ को अस्थायी राजधानी बुटवल रहेको । उत्तर दक्षिण सिद्धार्थ राजमार्ग पूर्व पश्चिम लोकमार्ग रहेको कारणले ट्राफिक व्यवस्थापनमा समस्या आइ बजार अव्यवस्थित र

सवारी दुर्घटना समेत बढ्ने गरेको हुंदा नगर स्तरीय मुख्य मुख्य सडकहरुमा मार्किङ्ग पेन्टिङ्ग गरी सवारी आवागमनलाई व्यवस्थित गर्न मनासिव र आवश्यक समेत देखिएकोले नगरका मुख्य सडकहरुमा मार्किङ्ग पेन्टिङ्ग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५८.५.४**

सहयोग सम्बन्धमा ।

**निर्णय नं.५८.५.४**

मध्यपश्चिम पृतना हेडक्वाटर योगीकुटी व्यारेक बुटवलको प.सं. १५६८२/जि.१/फुटकर/०७६।०७७।३४० मिति २०७६।११।३० को प्राप्त पत्र सम्बन्धमा छलफल गरियो । मिति २०७६।०८।१२ मा बसेको नगरकार्यपालिकाको वैठकको निर्णय नं.५१.६ बाट रु.३ लाख सहयोग उपलब्ध गराउने निर्णय भएकोमा उक्त सहयोग रकममा चालु खर्चको भैपरी शीर्षकबाट २ लाख पुनः सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५८.५.५**

सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं.५८.५.५**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिका कार्यालयको कार्यालय सहयोगी पदमा कार्यरत युक्त प्रसाद सुवालले सरकारी छाप दस्तखत कीर्ते मुद्दाबाट श्री उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०६९।८।२५ मा अभियोग दावीबाट सफाई पाउने ठहऱ्याई फैसला भएको र सम्मानित सर्वोच्च अदालतबाट पनि मिति २०७४।१०।१७ मा उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला सफाई पाउने ठहरी सदर भएको हुँदा हाल यस कार्यालयमा निज कार्यरत रहेकोले कार्यालयबाट पेश भए बमोजिम निजको नियमानुसारको निलम्वन अवधि र पुर्नवहाली हुँदाका मितिसम्मको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५८.५.६**

विदा सम्बन्धमा ।

**निर्णय नं.५८.५.६**

नगरकार्यपालिकाको कार्यालयको अधिकृतस्तर सातौ तहमा कार्यरत टिका कुमारी भण्डारीले २०७७ वैशाख मसान्तसम्मको असाधारण विदा स्वीकृत गराई बसेको र निज वेलायतमा रहेको बुझिएको । लकडाउनको कारण देखाई थप असाधारण विदा माग गरेको र हाल अन्तर्राष्ट्रिय उडान समेत बन्द रहेको हुँदा अन्तर्राष्ट्रिय उडानहरु खुला भएपछि कार्यालयमा अनिवार्य हाजीर हुने गरी सो अवधिभरको निजको असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५८.५.७**

लगत तयार गर्ने सम्बन्धमा ।

**निर्णय नं.५८.५.७**

यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र बसोवास भएका व्यक्तिहरुको हाल विदेशमा रहेका आफन्तजनहरुको विवरण वडा भित्रका सबै टोलविकास संस्थाहरुलाई परिचालन गरी लगत

तयार गरी नगरकार्यपालिकामा सबै वडाहरुले अभिलेख पठाउने निर्णय गरियो । साथै सो सूचना बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको वेवसाइट र नगरकार्यपालिकाको फेसवुक पेजमा संप्रेषण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५८.५.८**

आइसोलेसन सेन्टर निर्माण गर्ने सम्बन्धमा ।

**निर्णय नं.५८.५.८**

यस बुटवल उपमहानगरपालिकाको वडा नं.११ स्थित ANFA Academy र वडा नं.१२ स्थित KNIT रहेको भवनहरुलाई हालको विशेष परिस्थितिलाई मध्यनजर राखी कोरोना भाइरस नियन्त्रण एवं रोकथामका लागि नगरको प्रकोप व्यवस्थापन कोषको रकमवाट आइसोलेशन केन्द्रको रुपमा प्रदेशस्तरको CCMC मिति २०७७०२।०२ को निर्णय अनुसार निर्माण गरी सञ्चालन तथा व्यवस्थापनका लागि प्रदेशको सामाजिक विकास मन्त्रालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५८.५.९**

उजिरसिंह मा.वि.को सटर वहालमा लगाउने सम्बन्धमा ।

**निर्णय नं.५८.५.९**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिका कार्यालय, नगरविकास कोष र उजिरसिंह मा.वि.वीच भएको सहमति बमोजिम वु.न.पा.२ स्थित उजिरसिंह माध्यमिक विद्यालयमा नव निर्मित स्थानीय उत्पादन प्रवर्द्धन केन्द्रको ब्लक A मा रहेका १७ वटा सटर कोठा वहाल वन्दोवस्ती गरी आय ठेक्का वन्दोवस्त गर्ने सम्बन्धमा राजश्व परामर्श समितिको मिति २०७७।१।४ गतेको निर्णय सिफारिस बमोजिम मिति २०७७।१।१७ मा गरिएको प्रमुखवाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५८.५.१०**

नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं.५८.५.१०**

यस उपमहानगर क्षेत्रभित्रका तिनाउ तथा दानव नदी क्षेत्रमा IEE गरी स्वीकृत प्रतिवेदन बमोजिम नदीजन्य पदार्थको उत्खनन र ढुवानी गरी आय ठेक्का व्यवस्थापन गर्न सूचना प्रकाशित गरिएकोमा कतिपय स्थानमा कुनै पनि वोलपत्र पर्न नआएको, जेष्ठ मसान्तपछि नदी प्रवेश गर्न नपाइने कानूनी व्यवस्था र कोभिड १९ का कारण समेत पुनः सूचना गर्दा वोलपत्र पर्ने सम्भावना नहुँदा तोकिएको दररेट र IEE प्रतिवेदन बमोजिम परिमाण हुने गरी विभिन्न विकास आयोजना वा उपभोक्ता समिति वा अन्य स्थानीय तहले माग गरेमा उपलब्ध गराउने व्यवस्था वा सो समेत सम्भव नभएमा कार्यालय आफैले अन्य सम्भव वैकल्पिक प्रवन्ध मिलाई तोकिए बमोजिमको परिमाण नबढ्ने गरी उत्खनन गरी सुरक्षित तवरले घाटगद्दी गराई राख्ने र उपयुक्त समयमा लिलाम बढाबढ गरी श्रोत व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५८.५.११**

IEE को म्याद थप सम्बन्धमा ।

**निर्णय नं.५८.५.११**

बुटवल उपमहानगरपालिका वडा नं.११ मा रहेको तिनाउ नदीको मिलनचोक घाटको IEE प्रतिवेदन जिल्ला समन्वय समितिको मिति २०७५।०१।२० गतेको बैठकबाट स्वीकृत र उक्त प्रतिवेदनमा IEE को समयावधि २ बर्ष मात्र अर्थात २०७७।०१।२० सम्म मात्र कायम रहेको देखिन्छ । उक्त घाटबाट यस आर्थिक बर्षमा जिल्ला समन्वय समितिबाट राष्ट्रिय गौरवको गौतमवुद्ध विमानस्थल सुदृढीकरण निर्माण आयोजनालाई दिनु भनी मिति २०७६।११।१५ मा निर्णय भई आएकोले सोही निर्णय बमोजिम उक्त कार्य गराउन गौतमवुद्ध विमानस्थल सुदृढीकरण आयोजनाको ईकाई कार्यालय भैरहवाको सिफारिस बमोजिम बुटवल उपमहानगरपालिका र श्री स्वसाम कन्स्ट्रक्सन प्रा.लि.वीच मिति २०७६।११।२८ गते सम्झौता भई मिति २०७६।११।२९ मा चैत्र मसान्तसम्मको उत्खनन गर्ने म्याद दिई कार्यादेश दिइएको थियो । उक्त कार्य शुरु गर्न नपाउँदै विश्वमा हाल देखा परेको कोरोना संक्रमण (Covid-19) नियन्त्रण गर्न भएको लकडाउनका कारणले सम्झौता बमोजिम उत्खनन कार्य नसकिएको र IEE प्रतिवेदनको म्याद पनि सकिएको छ ।

वातावरण संरक्षण ऐन, २०७६ जारी भई लागु भएको तर वातावरण संरक्षण नियमावली बनि प्रदेश सरकारले पनि सम्बन्धित ऐन तथा नियम बनाई नसकेको अवस्थामा विगतमा जिल्ला समन्वय समितिलाई IEE स्वीकृत गर्ने गरी भएको व्यवस्था समेत निष्कृय भएको अवस्थामा पुन IEE स्वीकृत गराउने अवस्था समेत नभएको हुँदा उल्लेख भए बमोजिम बुटवल उपमहानगरपालिका वडा नं.११ को नदीजन्य पदार्थ उत्खनन तथा ढुवानी गर्न कार्यालयबाट थप गरिएको म्याद समर्थन गरी उक्त IEE को म्याद समेत २०७७ आषाढ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५८.५.१२**

फोहर व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं.५८.५.१२**

बुटवल उपमहानगरपालिका वडा नम्वर ११ स्थित पवित्रनगर टोल विकास सस्थाबाट प्राप्त प्रस्ताव बमोजिम फोहर व्यवस्थापन सम्बन्धी आवश्यक कार्य अघि बढाउने निर्णय गरियो ।

**अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिंदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।**